COMMONWEALTH OMBUDSMAN
PRIVATE HEALTH INSURANCE

# विदेशी आगन्तुकको स्वास्थ्य बीमा (Overseas Visitors Health Cover)

हामीलाई सम्पर्क गर्नहोस्

ombudsman.gov.au
1300 362 072

GPO Box 442
Canberra ACT 2601

हाम्रो कार्यालयहरू निम्न स्थानमा छन्:

» Adelaide
» Brisbane
» Canberra
» Melbourne
» Perth
» Sydney

## विदेशी आगन्तुकको स्वास्थ्य बीमा (Overseas Visitors Health Cover)

यदि तपाई विदेशबाट आउनु भएको छ भने सामान्यतया अष्ट्रेलियाको सार्वजनिक मेडिकेयर (Medicare) प्रणालीअन्तर्गत तपाईको उपचार वा अस्पतालको खर्चहरु व्यहोरिँदैन। यदि तपाई Temporary Skill Shortage (TSS) भिसा आवेदक हुनुहुन्छ वा विदेशी विद्यार्थी हुनुहुन्छ भने तपाईलाई निर्दिष्ट तहको स्वास्थ्य बीमा लिन आवश्यक पर्नेछ जसले तपाईको भिसाको आवश्यकता पूरा हुन्छ।

अष्ट्रेलियन नागरिकहरु उनीहरुको मेडिकल तथा अस्पताल खर्चका लागि यहाँको सार्वजनिक स्वास्थ्य प्रणाली मेडिकेयर प्रयोग गरे जस्तै अस्थायी भिसामा रहेका विदेशी आगन्तुकहरुले सामान्यतया मेडिकेयर प्रयोग गर्नका लागि योग्य हुदैनन्।

संयुक्त अधिराज्य, स्विडेन, बेल्जियम, फिनल्याण्ड, इटाली, माल्टा, नेदरल्याण्ड, स्लोभेनिया, आयरल्याण्ड, नर्वे तथा न्यूजिल्याण्डबाट आएका विदेशी आगन्तुकहरुको अष्ट्रेलियासँग आपसी स्वास्थ्य हेरचाह सम्झौता (Reciprocal Health Care Agreements) हुन्छ । यस बन्दोबस्त अन्तर्गत उनीहरुले सार्वजनिक स्वास्थ्य प्रणालीमा निःशुल्क आकस्मिक उपचार प्राप्त गर्छन्, अन्यथा उनीहरुले यस्तो हक प्राप्त गर्ने थिएनन्।

यसको मतलब तपाई अष्ट्रेलिया घुमिरहेको बेलामा यदि तपाईलाई मेडिकल हेरचाह चाहिएमा तपाईले आफ्नो खल्तिबाट निकै खर्च ब्यहोर्नु पर्ने हुन्छ। सार्वजनिक अस्पतालमा समेत तपाईलाई अस्पताल शुल्क मात्र प्रतिदिन $१००० लाग्न सक्छ। स्वास्थ्य बीमाविना तपाईले सम्पुर्ण उपचार खर्चको जिम्मेवार आफै लिनुपर्ने हुन्छ।

यदि तपाई आफ्नो मेडिकेयर योग्यता स्थितिबारे अनिश्चित हुनुहुन्छ भने तपाईले आफ्नो स्थानीय मेडिकेयर कार्यालयमार्फत बुझ्न सक्नु हुन्छ वा Department of Human Services – Medicare लाई सम्पर्क गर्नुहोस्।

यदि कुनै पनि समय तपाईको भिसा स्थिति वा मेडिकेयर योग्यतामा परिवर्तन हुन्छ भने तपाईको बीमाकर्तालाई जतिसक्दो चाँडै खबर गर्नुहोस् ताकि तपाईको बीमा तह अझै पनि उपयुक्त छ कि पत्ता लगाउन सकिन्छ।

## OVHC ले के व्यहोर्छ?

हरेक OVHC बीमारकम, योग्यता तथा बीमालाभमा फरक हुन्छ। तथापि धेरै बीमाहरुले तपाईको उपचारको लागि आवश्यक अस्पताल भर्ना तथा डाक्टरको शुल्कको हिस्सालाई व्यहोर्नुपर्छ।

यसका अतिरिक्त अस्पताल तथा मेडिकल खर्च व्यहोर्नका लागि तपाईले सामान्य उपचार (General Treatment) बीमा पनि खरिद गर्न सक्नुहुन्छ। General Treatment बीमाले निजी क्षेत्रका स्वास्थ्य सेवा प्रदायकको दन्तविशेषज्ञ, आँखाविशेषज्ञ तथा फिजियोथेरापिस्टजस्ता सेवाहरुको खर्च व्यहोर्छ। बीमाले ती खर्चहरुको केही हिस्सा व्यहोर्छ, तथापि तपाईले अझै पनि बाकी शुल्क हिस्सा आफैँले तिर्नुपर्छ।

धेरै विदेशी आगन्तुकहरुको स्वास्थ्य बीमा सेवाहरुले औषधि खर्च सीमितरुपमा व्यहोर्छन्। विदेशी आगन्तुकहरुले धेरै नै महँगो खर्च झेल्नुपर्छ यदि उनीहरुलाई औषधि उपचार चाहिएमा, विशेषगरी क्यान्सरको उपचारमा।

अष्ट्रेलिया भित्रिरहेका यात्रुहरुले औषधि तथा औषधिजन्य यन्त्रहरु तुरुन्त प्रयोग गर्नका लागि ल्याउन सक्छन् र थोरै परिमाणमा व्यक्तिगत प्रयोगका लागि आयात गर्न पनि अनुमति दिइन्छ। थप जानकारीका लागि हेर्नुहोस् Therapeutic Goods Administration website—Entering Australia and Personal Importation Scheme

तपाई बीमा लागि खरिद गर्दा बिभिन्न कुराहरूमा ध्यान पुऱ्याउनुहोस् किनकि कुनै बीमामा कम लाभ हुन्छ भने निश्चित प्रकारको उपचारका लागि कुनै पनि लाभ हुँदैन र पर्खने समय पनि फरक फरक हुन्छ । केही बीमाहरुले पहिलेदेखिको यथावत अवस्था (pre-existing conditions) लागि स्थायीरुपमा बीमालाई समावेश गर्दैन, यसको अर्थ त्यस्तो अबस्थाको उपचार खर्चलाई कहिल्यै व्यहोरिँदैन। खरिद गर्दा के कुरा हेर्नुपर्छ भन्ने विषयमा थप जानकारीका लागि Tips on health insurance for visitors हेर्नुहोस्।

यात्रा बीमाले पनि आगन्तुक बीमाले समेट्न नसकेका उपचारहरु बीमा गर्न सक्छ जस्तै यात्रा गर्ने सामानको नोक्सानी तथा मेडिकल ईमरजेन्सीमा स्वदेश फर्काउने।

आजीवन स्वास्थ्य बीमा (Lifetime Health Cover) र निजी स्वास्थ्य बीमा छुट विदेशी आगन्तुक स्वास्थ्य बीमामा लागू हुँदैन। विदेशी आगन्तुकको स्वास्थ्य बीमा खरिदको लागतमा Goods and Services Tax (GST) लगाईन्छ।

## मैले OVHC कहाँ खरिद गर्ने?

तपाईले केही स्वास्थ्य कोष तथा अष्ट्रेलियामा रहेका केही सामान्य बीमाकर्ताबाट अष्ट्रेलियाको आगन्तुकका लागि बीमा खरिद गर्न सक्नुहुन्छ। तपाई अन्य मुलुकद्वारा जारी गरिएका बीमा पनि लिन सक्नुहुन्छ। याद गर्नुहोस्, यदि तपाई TSS भिसा, 457 भिसा, 485 भिसा वा विद्यार्थी भिसामा हुनुहुन्छ भने तपाईको भिसा शर्तमा निर्दिष्ट स्वास्थ्य बीमाको प्रकार तथा तहलाई खरिद गर्नुपर्ने आवश्यकता हुन्छ।

आगन्तुकका लागि बीमा पत्ता लगाउन इन्टरनेट एउटा राम्रो तरिका हो। हामी सल्लाह दिन्छौँ कि सर्चइञ्जिनमा "Overseas Visitors Insurance" वा "Overseas Visitors Health Cover" लेखेर खोज्नुहोस् र कम्तीमा तीन प्रदायकहरुको बीमाहरु तुलना गर्नुहोस्।

## मेडिकेयर अतिरिक्त शुल्क (Medicare Levy Surcharge) ले तपाईलाई चाहिने स्वास्थ्य बीमाको किसिमलाई कसरी प्रभाव पार्छ?

यदि तपाई:

- उच्च आम्दानी गर्नु हुन्छ (सन् २०१७-१८ को वित्तीय वर्षमा एकल रुपमा $९०,००० भन्दा बढी वा जोडी वा परिवारको रुपमा $१८०,००० भन्दा बढी)
- अष्ट्रेलियामा करका लागि बासिन्दा मानिनुहुन्छ, वा
- मेडिकेयरमा सफलतापूर्वक दर्ता हुनुभएको छ (कुनै पनि लाभको तहका लागि—आपसी, अन्तरिम, वा पूर्ण) भने

तपाईलाई मेडिकेर अतिरिक्त शुल्क (Medicare Levy Surcharge) ले प्रभाव पार्न सक्छ। अतिरिक्त शुल्क तथा यसबाट तपाईलाई मुक्त गराउने स्वास्थ्य बीमाका प्रकारबारे थप जानकारीका लागि कृपया Medicare Levy Surcharge यो हेर्नुहोस्।

थप जानकारी **ombudsman.gov.au** मा उपलब्ध छ।

कृपया याद गर्नुहोस्: यस कागजातको आसय निर्देशन गर्ने मात्र हो। तसर्थ यसका जानकारीलाई कानुनी सुझावका रुपमा भर पर्नु हुँदैन वा व्यक्तिगत मामलामा कानुनी सुझावको बिकल्पको रुपमा लिइनु हुँदैन। यस कागजातमाथि भर परेर परिणामस्वरुप कुनै नोक्सानी वा क्षति भएमा कानुनले दिइएको अधिकतम हदसम्म Commonwealth Ombudsman जवाफदेही हुनेछैन। यसमा उद्धृत धैरैजसो ऐनहरुको अद्यावधिक संस्करणका लागि कृपया कानुनको संघीय रजिष्टर Federal Register of Legislation मा हेर्नुहोस्।